# संघीय संसद
# प्रतिनिधि सभा
## चौथो अधिवेशन
## बैठक संख्या - २५

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल जेठ ३१ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले पूर्व सदस्य धनिराम पौडेलको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०७० सालको संविधानसभा निर्वाचनमा तत्कालिन एकीकृत ने.क.पा. (माओवादी)को तर्फबाट समानुपातिक सदस्यको रुपमा निर्वाचित, पूर्व शिक्षा मन्त्री, हाल नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को केन्द्रिय सदस्य, लोकतान्त्रिक आन्दोलनका योद्धा, सादा जीवन पद्धतिमा विश्वास राख्ने शालिन नेता धनिराम पौडेलको ५३ वर्षको उमेरमा मिति २०७६ साल जेठ ३१ गते शुक्रबार बिहान चितवन माडीमा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले स्वर्गीय धनिराम पौडेलको निधनप्रति शोक प्रकट गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७६ अन्तर्गत आजको लागि निर्धारित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय र उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफल २०७६ असार ३ गतेको बैठकमा हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७६ साल असार १ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी बिहान ११:४५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव